**मंगला गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ६ बाबियाचौर, म्याग्दी संख्या : ५ मिति : २०८० साल कार्तिक २१**


भाग–२

मंगला गाउँपालिका

# कृषि अनुदान कार्यक्रम वितरण निर्देशिका, २०८०

**प्रस्तावना**

मंगला गाउँपालिका कृषि शाखाको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रमहरूको सञ्चालन गर्दा वास्तविक कृषक, कृषक-समूहहरू समक्ष लक्षित कार्यक्रमहरू पुगी कृषि पेशालाई व्यवसाय उन्मुख र प्रतिस्पर्धी बनाई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न टेवा पुगोस भन्ने उद्देश्यले र सहजीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मंगला गाउँपालिकाबाट यो निर्देशिका प्रकाशन गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम “कृषि अनुदान कार्यक्रम वितरण निर्देशिका, २०८०” रहेको छ।

१.२ यो निर्देशिका मंगला गाउँपालिकाद्वारा स्वीकृत भएपछि मंगला गाउँपालिका भरी लागू हुनेछ ।

१.३ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) कृषक भन्नाले कृषि शाखाबाट प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र रीतपूर्वक निवेदन दर्ता गरि कृषि वस्तु वा सेवा माग गर्ने व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्दछ ।

ख) कृषक समूह भन्नाले साबिक जिल्ला कृषि विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालय वा मंगला गाउँपालिकामा नियमानुसार दर्ता भइ नवीकरण भइरहेको क्रियाशिल कृषक समूहलाई जनाउँदछ ।

ग) फार्म भन्नाले कृषि/पशु विकासका कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले मंगला गाउँपालिकाका विभिन्न वडामा वा साना तथा घरेलु उद्योग विकास समितिमा नियमानुसार दर्ता भएका फार्मलाई सम्झनु पर्दछ ।

घ) सहकारी संस्था भन्नाले साबिक डिभिजन सहकारी कार्यालय वा मंगला गाउँपालिकामा सहकारी ऐन अनुसार दर्ता भएका कृषि सहकारी संस्थाहरूलाई सम्झनु पर्दछ ।

ङ) कृषि पेसा भन्नाले मुख्य रूपमा कृषि/पशुजन्य उत्पादन कार्यमा संलग्न पेशालाई जनाउनेछ।

च) कृषि कार्यक्रम भन्नाले प्रत्येक आ.व. को मंगला गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएको कृषि शाखाको कार्यक्रम/क्रियाकलापलाई जनाउने छ ।

## परिच्छेद-२
## सञ्चालन हुने मुख्य कार्यक्रम/क्रियाकलापहरू

२. यस निर्देशिकामा कृषि कार्यक्रम भन्नाले निम्न कार्यक्रमहरूलाई जनाउने छ ।

क) कृषि यान्त्रिकीकरण भन्नाले ५ देखि २२ हर्ज पावर सम्मका पावर टिलर/मिनिटिलर, विद्युतिय मकै छोडाउने मेशिन, कम्बाईन थ्रेसर र होम मिललाई जनाउने छ ।

ख) कृषि औजार सेट भन्नाले आरी, सिकेचर, स्प्रेयर(न्यापसेक, फूट र पावर स्प्रेयर), खाडल खन्ने मेशिन ,फलफूल टिप्न प्रयोग हुने भऱ्याङ, फल टिप्ने मेशिन ,प्लास्टिक क्रेट, मेटलविन आदिलाई जनाउने छ ।

ग) प्लास्टिक टनेल भन्नाले ९० देखि १२० जि.एस.एम का विभिन्न लम्बाइ चौडाइ (५-६×१०-१२) मिटर साइजका सिलपोलिन, सुपरपोलिन, ईकोपोलिन जनाउने छ ।

घ) प्लास्टिक पोखरी भन्नाले पानी संकलन गर्न खनिएका पोखरीमा २०० देखि २५० जि.एस.एम का विभिन्न मिटर साइजका सिलपोलिनलाई जनाउने छ ।

ङ) च्याउको बीउ भन्नाले कन्य, सिताके वा यस्तै प्रकारका अन्य च्याउको बीउ र बीउ राख्न आवश्यक प्लास्टिक थैला समेतलाई जनाउने छ ।

च) मौरी घार/मौरी गोला भन्नाले कम्तीमा ३-४ फ्रेम भएको सेरना मौरी राख्ने न्युटन घार गोला लाई सम्झनु पर्दछ ।

छ) साना सिँचाई भन्नाले कम्तीमा २ देखि ३ रोपनी क्षेत्रफलमा व्यक्तिगत तथा न्यूनतम १० रोपनीमा क्षेत्रफलमा सामूहिक सिँचाई पुग्ने थोपा, लिफ्ट, पाइप, कुलो द्वारा पानी सप्लाई गर्ने कार्यक्रमलाई जनाउने छ ।साना सिँचाइले नयाँ तथा मर्मत दुबै कार्यक्रमलाई जनाउँदछ ।

ज) भकारो सुधार भन्नाले कम्तीमा २ वटा पशु वस्तु बस्न पुग्ने स्थानको निर्माण/मर्मत गरी मूत्र संकलन गर्ने खाडल/टंकी वा गोबर छोप्ने छाप्रो बनाउने कार्यलाई जनाउने छ ।

झ) केरा बगैंचा स्थापना/व्यवस्थापन भन्नाले कम्तीमा २००-५०० वटा उन्नत तथा हाईब्रिड जातका केराका थप बिरुवा लगाउने/लगाएका बगानमा उचित व्यवस्थापन गर्ने भन्ने कुरा जनाउने छ ।

ञ) एक वडा एक नर्सरी भन्नाले तरकारी उत्पादन गर्न सकिने फलामबाट बनेको स्थायी प्रकृतिको सिलपिलनको छाना र साईडमा नेट (जाली) राखि बनाइएको मध्यम स्तरीय हाईटेक नर्सरी भन्ने बुझ्नु पर्दछ । यस्तो नर्सरीमा बेमौसमी तरकारी बाली समेत लगाउन सकिने कुरा बुझ्नु पर्नेछ ।

ट) तोरीको बीउ भन्नाले खास गरी तोरी उत्पादनका लागि प्रयोग हुने विभिन्न जातका उन्नत तोरीको बीउ सम्झनु पर्दछ ।

ठ) केराउ बीउ भन्नाले काँचै कोशा तरकारीको रूपमा प्रयोग गर्न उत्पादन गरिने हाईब्रिड तथा स्थानीय जातको बीउ सम्झनु पर्दछ ।

ड) आई.पी.एम कृषक पाठशाला भन्नाले तरकारी तथा खाद्यान्न बाली अवधिभर १६ हप्ता सम्म चल्ने स्थलगत तालिमलाई सम्झनु पर्दछ ।

ढ) माटो शिविर भन्नाले क्षेत्रीय माटो तथा मलखाद परीक्षण प्रयोगशालाको सहयोगमा आयोजना गरिएको १ देखि २ दिन सम्मको माटो परीक्षण गर्ने शिविर लाई सम्झनु पर्दछ ।

ण) पुष्प खेती भन्नाले मौसम अनुसार विभिन्न फूलहरूको बिरुवा उत्पादन गर्ने र उत्पादित बिरुवा/फूलहरू स्थानीय बजारमा बिक्री वितरण गर्ने कार्य समेत लाई जनाउनेछ ।

त) फलफूल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजनासँग सहकार्य गर्ने कार्यक्रम भन्नाले उक्त आयोजना र मंगला गाउँपलिकाको संयुक्त लागत साझेदारीमा सञ्चालन गर्न आ.व. २०८०/२०८१ मा स्वीकृत भएका क्रियाकलाप लाई सम्झनु पर्दछ ।

थ) स्थलगत घुम्ती तालिम भन्नाले बाली विशेषका १ (एक) दिने कृषक तालिमलाई सम्झनु पर्दछ ।

द) गाउँपालिका स्तरको कृषक तालिम भन्नाले खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली उत्पादन प्रविधि सम्बन्धी १ देखि बढीमा ३ दिन सम्म सञ्चालन हुने तालिम सम्झनु पर्नेछ ।यस्तो तालिममा गाउँपालिकाको प्रतिनिधित्व हुने गरी कृषकहरूको छनौट गरी समावेश गर्नु पर्दछ ।

ध) कृषि हाटबजार भन्नाले कृषि जन्य उत्पादनको साप्ताहिक/पाक्षिक/मासिक रूपमा खरिद विक्री गर्ने थलोलाई सम्झनु पर्दछ ।

न) भूमि बैङ्क सञ्चालन व्यवस्थापन भन्नाले पालिका भित्र बाझो रहेका जग्गा वा स-साना कित्तामा रहेका जग्गालाई एकीकृत गरी वा भाडामा लिई व्यावसायिक तवरले तरकारी खेती, फलफूल खेती गर्न इच्छुक कृषक/फार्म/समूहलाई जग्गाको एकीकरण वा चकलाबन्दी गर्ने कार्यलाई सम्झनु पर्दछ ।यसका लागि छुट्टै निर्देशिका बनाई सञ्चालनमा ल्याइने छ ।

प) कृषक आत्मनिर्भर कोष भन्नाले पूँजीको अभावमा व्यावसायिक खेती गर्न नसकेका साना, मझौला कृषक/फार्म/समूहलाई बीउ पूँजीको रूपमा निर्ब्याजी रूपमा बाली अवधिभर ऋण सहयोग पुर्याउने कार्यलाई सम्झनु पर्दछ । यसका लागि छुट्टै निर्देशिका बनाई सञ्चालनमा ल्याइने छ ।

फ) जैविक विविधता संरक्षणको लागि सहयोग भन्नाले लोप हुन लागेका लोप उन्मुख बालीका बीउ संकलन/संचय खेतीको प्रवर्द्धनमा लागि परेका कृषक/फार्म /समूह/संस्थालाई सो कार्यको लागि पुऱ्याउने सहयोगलाई बुझ्नु पर्दछ ।

ब) उत्कृष्ट कृषि प्राविधिक/कृषकलाई पुरस्कार तथा सम्मान गर्ने भन्नाले मंगला गाउँपालिकामा खटिएका कृषि प्राविधिक, कृषक तथा फार्म र समूहहरू जसले कृषि उत्पादन र उत्पादकत्व वृद्धि-प्रवर्द्धन तथा बजारीकरण गर्ने कार्यमा महत्वपूर्ण भूमिका

प्रदान गरे बमोजिम ति कार्यको उच्च मूल्याङ्कन गरी पुरस्कार तथा सम्मान गर्ने कार्य भन्ने बुझ्नु पर्दछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया

३. कार्यक्रम सञ्चालन प्रक्रियाको सूचना प्रवाह, माग संकलन, फिल्ड निरीक्षण र छनौटको प्राथमिकिकरण परिच्छेद २ मा उल्लिखित कृषि कार्यक्रमहरू सञ्चालन/वितरण गर्दा निम्न बुँदाहरूमा केन्द्रित रहेर कार्यान्वयन गरिनेछ ।

**क) सूचना प्रवाहः**

१. कृषि शाखाबाट कार्यान्वयन हुने मुख्य कार्यक्रमहरू सञ्चालनका लागि शाखाले १५-३० दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नेछ । यस्तो सूचना गाउँपालिका सूचना पाटीमा टाँस गरिने छ । धेरै भन्दा धेरै लाभग्राहीहरू समक्ष उक्त सूचना पुर्याउन कृषि शाखा तथा हरेक वडा कार्यालयहरूमा समेत सूचना टाँस गरिनेछ । साथै उक्त सूचना पालिकाको वेबसाइटमा समेत राखिनेछ ।

**ख) माग संकलनः**

१. कृषि विकास शाखा वा वडा कार्यालयहरूमा तोकिएको म्यादभित्र रीतपूर्वकको माग निवेदन कृषक/फार्म/समूह/सहकारी संस्थाले आफ्नो निवेदन दर्ता गराउन सक्नेछन्।
२. गाउँपालिकाको कृषि शाखाबाट अनुदानको लागि कृषकले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन वडा कार्यालय मार्फत वा सोझै कृषि शाखामा दिन सक्नेछन् ।
३. कृषि शाखा/उपशाखामा संकलन भएको निवेदनहरुलाई रुजू गरि सोको नाम नामेसी उतार गरी १ प्रति सम्बन्धित वडा कार्यालयमा र १ प्रति कृषि शाखामा निवेदन दिने म्याद सकिएको ७ दिन भित्र निवेदन सहित सम्बन्धित कार्यालयले गाउँपालिकाको कृषि शाखामा पठाई सक्नु पर्नेछ ।
४. कृषि शाखामा प्राप्त भएका निवेदनहरुलाई पुर्ण रूपमा रुजू गरी फाईलिङ गर्ने कार्य कृषि शाखामा हुनेछ ।

**ग) निरीक्षण समिति**

१. सामाग्री/अनुदानका लागि रीतपूर्वकको निवेदन/माग गरेका कृषक/समूहको स्थलगत निरीक्षण गर्न देहाय बमोजिमका ८ जना सदस्य रहेको अनुगमन समिति गठन गरिने छ।

क) संयोजक- गाउँपालिका उपाध्यक्ष

ख) सदस्य सचिव- कृषि शाखा प्रमुख-१ जना

ग) सदस्य-प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी १ जना

घ) सदस्य-कृषि शाखामा कार्यरत १ जना प्राविधिक कर्मचारी

ङ) सदस्य- सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि १ जना

च) सदस्य- आर्थिक समितिको संयोजक वा निजले तोकेको १ जना समितिको सदस्य १ जना

छ) सदस्य -सम्बन्धित वडामा कार्यरत १ जना प्राविधिक कर्मचारी १ जना

ज) सदस्य- पशु सेवा शाखाका प्रमुख वा प्रतिनिधि १ जना

२. प्राविधिक प्रतिवेदन तयार गर्नेः

क) अनुगमन टोलीले निवेदकहरूको स्थलगत फिल्ड निरीक्षण गरी प्राविधिक मूल्याङ्कन गरी गाउँपालिकामा पेश गर्नेछ ।

ख) स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहेर वस्तु/सामाग्री/सेवामा अनुदानका लागि अनुगमन टोलीद्वारा पेश भएको मूल्याङ्कनको आधारमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको स्वीकृत भएपछि कार्यक्रम सञ्चालन हुनेछ ।

<u>मूल्याङ्कनका आधारहरू</u>

| क्र.सं. | निवेदक | वडा | कृषि कार्यमा सकृयता वा व्यवसायी (२५) | आवश्यक न्युनतम मापदण्ड(२५) | संभाव्यता (बाली बिशेष र उत्पादन)२५ | लक्षित क्षेत्र र वर्ग(२५) | जम्मा १०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**घ) कार्यक्रम छनौटका प्राथमिकिकरण देहाय अनुसार गरिनेछ,**

१. व्यावसायिक कृषक/फार्म/समूह/सहकारी

२. कृषक पहिचान/वर्गीकरणमा सम्बन्धित वडा कार्यालयमा दर्ता भएको कृषि फर्म

३. आफ्नै लगानीमा व्यवसाय सुरु

४. आवश्यक पूर्वाधारहरूको व्यवस्था भएको/हुन सक्ने अवस्था

५. जनशक्तिको पर्याप्तता भएको

६. व्यावसायिक दक्षता/सीप र तालिम प्राप्त व्यक्ति/संस्था

७. सडक र बजारको पहुँच भएको स्थिति

८. महिला , एकल महिला, अपाङ्ग, दलित, जनजाति, द्वन्द्व पीडित वा पिछडिएका वर्ग आदि

**ङ) छनोट तथा कार्यान्वयन समितिः-** यस निर्देशिकाको कार्यान्वयन गर्न तथा कृषक छनोट गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

क) गाउँपालिका अध्यक्ष — संयोजक

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) सम्बन्धित वडाका वडा अध्यक्ष — सदस्य

ङ) कृषि शाखा प्रमुख — सदस्य सचिव

## परिच्छेद-४
## कार्यक्रम छनौटका आधारहरू

**क) कृषि शाखा**

१. कृषि यान्त्रिकीकरणमा सहयोग (५०% अनुदान)
- व्यवसायिकरणमा टेवा पुग्ने
- कृषि/पशु सेवा कार्यक्रमहरू कम पुगेका क्षेत्रका कृषक/फार्म/समूह/सहकारी
- बाली उत्पादनका विशेष क्षेत्र
- सामूहिक प्रयोग
- गत वर्ष माग संबोधन हुन नसकेको अवस्थाका कृषक/समूह

२. कृषि औजार सेट वितरण(५०% अनुदान)
- कृषि/पशु सेवा कार्यक्रमहरू कम पुगेका क्षेत्रका कृषक, कृषक-समूह
- बाली उत्पादनका विशेष क्षेत्र
- सामूहिक प्रयोग
- गत वर्ष माग संबोधन हुन नसकेको अवस्थाका कृषक/समूह
- विस्तारित क्षेत्रफल

३. प्लास्टिक टनेल (५०% अनुदान)
- २ वा सो भन्दा बढीको माग
- १००० मिटर भन्दा माथिल्लो क्षेत्रबाट आएको माग
- सडक र बजारको पहुँच

- स्थायी संरचना फलामको फ्रेम बनाउन चाहने कृषक/समूह

४ प्लास्टिक पोखरी ( ५०% अनुदान)

- विशेष गरी असिंचित क्षेत्र
- बेमौसमी तरकारी उत्पादन क्षेत्र
- व्यावसायिक कृषक/समूह
- सामूहिक प्रयोग
- थोपा सिँचाइको प्रयोग

५ च्याउको बीउ वितरण ( ५०% अनुदान)

- व्यावसायिक कृषक
- व्यावसायिक च्याउ खेती
- तालिम प्राप्त कृषक

६. मौरीघार (५०% अनुदानमा)

- कम्तीमा २ घार मौरी पाली रहेको कृषक
- पर्याप्त चरण भएको क्षेत्र
- कम्तीमा २० वटा मौरीघार व्यक्तिगत वा समूहगत रूपमा विकास हुने स्थान
- मौरीपालना दक्षता प्राप्त गरेको कृषक

७. साना सिँचाई कार्यक्रम (५०-८५% अनुदान)

- सामूहिक माग
- चालू आ.व. भित्र सम्पन्न हुने किसिमका स-साना योजना
- बढी जनसहभागिता जुट्न/जुटाउन सक्ने खालका योजना
- हिउँदे सिँचाई समेत हुन सक्ने योजना
- बढी भन्दा बढी कृषक लाभान्वित हुन सक्ने योजना
- व्यावसायिक पकेट भएको/विस्तार हुन सक्ने क्षेत्रको योजना

८. भकारो सुधार योजना( ५०% अनुदान)

- अपाङ्ग/जनजाति/दलित/पिछडिएका साना र सीमान्तकृत कृषकको माग
- कम्तीमा २ वटा पशु वस्तु भएको कृषक
- भकारो निर्माणमा अनुदानले नपुग हुने रकम आफै व्यवस्था गरी भकारो निर्माण गर्न सक्ने व्यावसायिक पशु पालन भएको क्षेत्र
- क्लष्टरमा माग भएको क्षेत्र

९. फलफूल बगैंचा स्थापना तथा व्यवस्थापन

- सम्बन्धित बालीको लागि उपयुक्त स्थान भएको
- हिउँदको समयमा सिँचाई उपलब्ध गराउन सक्ने कृषक
- केरा खेतीको लागि उन्नत वा हाईब्रिड जातको कम्तीमा २००-५०० लगाई रहेको/लगाउन चाहने कृषक

- सुन्तला तथा कागती खेती को लागि कम्तीमा ५०-३०० बोट लगाएको वा लगाउने कृषक
- किवी, दाँते ओखर, एभोगाडो ,अम्बा, टिमुर कम्तीमा ५०-१०० बोट लगाएको वा लगाउने कृषक
- सडक र बजारको पहुँच राम्रो भएको कृषक
- सम्बन्धित विषयमा ज्ञान भएको कृषक

१०. व्यावसायिक तरकारी उत्पादन तथा व्यवस्थापन

- कम्तीमा २ रोपनी वा सो भन्दा बढी तरकारी खेती गरिरहेको/खेती गर्ने कृषक
- बढी भन्दा बढी क्षेत्रफलमा खेती गर्ने कृषक
- उपयुक्त स्थान उपयुक्त माटो सिँचाई, मलखाद र जनशक्ति व्यवस्थापन भएको/हुन सक्ने स्थिति
- सडक र बजारको सूनिश्चितता भएको स्थान
- सामूहिक खेतीमा जोड दिएको स्थान
- लक्षित वर्गः दलित, जनजाति

११. अलैंची खेती तथा व्यवस्थापन

- सम्बन्धित बालीको लागि उपयुक्त स्थान भएको
- हिउँदको समयमा सिँचाई उपलब्ध गराउन सक्ने कृषक
- व्यावसायिक अलैंची खेतीको लागि कम्तीमा २००-५०० बोट लगाई रहेको/लगाउन चाहने कृषक
- अलैंची डायर निर्माणका लागि सो क्षेत्रमा व्यक्तिगत वा सामूहिक रूपमा अलैंची खेती भएको र उत्पादन भई विक्री वितरण भएको वा हुन सक्ने
- सडक र बजारको पहुँच राम्रो भएको कृषक
- सम्बन्धित विषयमा ज्ञान भएको कृषक

१२. प्रस्तावना मा आधारित कृषि कार्यक्रम सञ्चालन गर्न अनुदान दिने

- कम्तीमा ५ रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा गरिएको वा गरिने व्यावसायिक खेती
- दर्ता फार्म वा व्यावसायिक कृषक
- पूर्वाधारको विकास भएको वा हुन सक्ने स्थान
- सडक र बजारको पहुँच भएको सामूहिक खेतीमा जोड दिइएको र सम्बन्धित विषयमा ज्ञान भएको

१३. माथि उल्लेखित विवरणमा जे लेखिएको भएतापनि वा बाहेक आवश्यकता अनुसार कुनै क्षेत्रमा ७५-१००% अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-५
## कार्य सञ्चालन विधिको स्वीकृति र छनौट

१. यो निर्देशिका मंगला गाउँपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ। परिच्छेद ३ ग बमोजिम फिल्ड निरीक्षण गरी उपयुक्त कृषक/फार्म/समूह र सहकारीहरू लाई स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि अनुदानका लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका बैठकमा पेश गर्नेछन् र कार्यपालिका बैठकले प्रचलित ऐन नियम अनुसार स्वीकृत गरेपछि अनुदान उपलब्ध हुनेछ ।

२. कार्यपालिकाको बैठक बाट लाभग्राही छनौट भए पश्चात् कृषि शाखाले सम्बन्धित लाभग्राहीलाई नियमानुसार अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद-६
## संशोधन तथा खारेजी

१. यस निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत हुनेछ तथा कुनै संशोधन तथा खारेजी गर्नु पर्ने भएमा कार्यपालिकाको बैठक बाट गर्न सकिनेछ ।

**अनुसूची १**

**(निवेदनको ढाँचा)**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मंगला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी।

विषयः...............................कार्यक्रम माग सम्बन्धमा।

महोदय,

उपरोक्त विषयका सम्बन्धमा यस मंगला गाउँपालिका वडा नं................. साविक .................... गा.वि.स. वडा नं ............ टोल .................. निवासी म .................................................. नाम दर्ता रहेको ........................ फर्म सञ्चालन गरि...................... कृषि व्यवसाय गर्दै आएकोमा अहिले तहाँको कार्यक्रम अनुसार....................... आवश्यक परेको हुँदा उपलब्ध गराई दिनु हुन विनम्र अनुरोध गर्दछु ।

निवेदकको नामः
दस्तखतः
संस्था/व्यक्तिः
ठेगानाः
सम्पर्क नं :

**आज्ञाले,**
**शिवकुमार पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**